क) दिपायल सिलगढी नगरपालिकाको आ.व.२०७२/२०७३ को स्वीकृत बजेट कार्यक्रम तथा प्रगति सम्बन्धि समिक्षा कार्यक्रमको सारांस ।

नेपाल सरकार
मामिला तथा स्थानीय विकास
दिपायल सिलगढी नगरपालिका
डोटी

**क) संचालित मिति र स्थान:**

यस दिपायल सिलगढी नगरपालिकाको आ.व.२०७२/२०७३ को स्वीकृत बजेट कार्यक्रम तथा प्रगति सम्बन्धि वार्षिक समिक्षा कार्यक्रम २०७३ साल कार्तिक १० गते बुधबारका दिन यस दिपायल सिलगढी नगरपालिकाको सेती सभाहलमा कार्यकारी अधिकृत श्री राजबहादुर शाहीको अध्यक्षतामा आयोजना भई सम्पन्न भएको छ ।

**ख) वार्षिक समिक्षा कार्यक्रममा सहभागिबाट आएका सुझावहरु निष्कर्ष:**

१.बिज्ञापन शुल्क र ब्यबसाय कर उठाउन प्राथमिकता दिनु पर्ने ।
२. घर वहाल कर असुलीमा जोड दिनुपर्ने ।
३.नगर क्षेत्रमा पर्याप्त कान्जी हाउसको अभाव रहेकाले सडकमा छाडा पशुलाई नछाड्न समुदायमा सबैले पहल गर्ने ।

४.पर्यटकिय कोटभैरब तथा दुधेश्वरको मर्मत सम्भार गर्नर पालिकाकाले पहल गर्नु पर्ने ।

५. नगर क्षेत्रमा कार्यरत गैससहरुको समन्वयात्मक बैठक गरी गैर सरकारी संस्थाहरु संग नगरमा को आयोजना गरिनुपर्ने ।
६.नगरका सबै घरधुरीमा बहुमूल्य बिरुवाहरु बोधिचित्त, कपुर र रुद्राक्ष रोप्नका लागि नगरपालिकाले पनि पहल गर्नु पर्ने ।
७. कार्यालय प्रमुखको कार्यालयमा उपस्थिति बढाउनु पर्ने ।
८. कार्यालयको शौचालयमा पानी, साबुन र तौलियाको ब्यबस्था हुनु पर्ने ।
९. फोहर ब्यबस्थापनका लागि लेण्डफिल साइट निर्माणका लागि गर्न तत्काल पहल गर्ने ।
१०. नगर स्वास्थ्य केन्द्रमा औषधिको आपुर्ति गर्न तत्काल पहल गर्ने ।
११. नगर बश सञ्चालन गर्न नगरपालिकाले पहल गर्नु पर्ने ।
१२. कर्मचारीले आचार संहिता पालन गर्नु पर्‍यो ।
१३. बिगतमा भएका निर्णयको कार्यान्वयनमा जोड दिनु पर्‍यो ।
१४.पिछडिएका वडाहरुलाई बिकासको प्रकृयामा ल्याउन सकारात्मक प्रयासको थालनी गरौं ।
१५. भवन निर्माण मापदण्डको बिषयमा सरोकारवालाहरुलाई अभिमुखिकरण कार्यक्रम नगरपालिकाले आयोजना गरोस ।
१६. नगरपालिकाको एम्बुलेन्स बिग्रेको छ मर्मत गरी सञ्चालनमा ल्याउनु पर्‍यो ।

१७.दिपायल सिलगढी नगर सुदूरपश्चिमको प्रशासनिक् द्वार, प्रशासनिक स्थायित्व पर्यटन र कृषि विकासको मुल आधार एवं नारा दिपायल सिलगढी नगर, स्वच्छ, समुन्नत र शिक्षित बनाउने हामी सबैको रहरलाई साकार पार्न सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग पुर्‍याउनुपर्ने ।

**ग) समीक्षा कार्यक्रममा उपस्थितीको बिवरण**

- जम्मा सहभागि: ८६ जना
- महिला सहभागि: ३२ जना , पुरुष सहभागि: ५४ जना
- जनजाती सहभागि: ८ जना र दलित सहभागि १२ जना ।